**फागुपर्व सभ्य रूपमा मनाऔं ।**

- आपसी सहमतिमा उल्लासपूर्वक फागुपर्व मनाऔं ।
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने काम नगरौं ।
- सामाजिक तथा सांस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं ।
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं ।
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं ।
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं ।

**चाडपर्वलाई मौलिकरूपमा मनाऔं, सभ्य नागरिकको परिचय दिऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com






निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com



❖ वर्ष ३६ ❖ २०७९ फागुन २२ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 March 06 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८८


## आन्तरिक राजस्व कार्यालयको बक्यौता दुई अर्ब ११ करोड

प्रस, परवानीपुर, २१ फागुन/

देशमा आर्थिक तरलता रहेको अवस्थामा आन्तरिक राजस्व कार्यालय, पर्साको बक्यौता हरेक वर्ष बढ्दै गएको छ। चालू आव २०७९/८० मा आन्तरिक राजस्व कार्यालय, पर्साको बक्यौता दुई अर्ब ११ करोड रहेको कार्यालयकी निमित्त प्रमुख पुनीता झाले बताइन् ।




तस्वीरः फाइल

कार्यालयले आयकरतर्फ एक अर्ब ६५ करोड उठाउन बाँकी छ भने मूल्य अभिवृद्धि करतर्फ ६६ करोड बक्यौता रहेको उनले जानकारी गराइन् । आयकरतर्फ ८१९ जना करदाताबाट एक अर्ब ६५ करोड र मूअकरतर्फ ४४९ जना करदाताबाट ६६ करोड गरी दुई अर्ब ११ करोड बक्यौता उठाउन बाँकी रहेको उनले बताइन् ।

हरेक वर्ष आयकरतर्फ १५ प्रतिशत तथा मूअकरतर्फ थप दस्तुर १० प्रतिशत र ब्याज १५ प्रतिशत गरी २५ प्रतिशतले वृद्धि हुँदै गएपछि हरेक वर्ष बक्यौता रकम करोडौंले वृद्धि हुँदै गएको पनि उनले बताइन् । आयकरतर्फ माघ मसान्ततर्फ पान नम्बरविनाको बक्यौता ३० करोड, उठ्न नसक्ने जटिल प्रकृतिको कर २४ करोड र मुद्दा चलिरहेको ५८ करोड बाँकी रहेको उनले खुलाइन् ।

पान नम्बरविनाको बक्यौता भनेको २०५८ सालपहिले आन्तरिक राजस्व कार्यालयमा दर्ता मात्र भएर सञ्चालन भएका व्यावसायिक फर्महरूको ३० करोड बाँकी रहेको तथा चिनीमिल, कृषि औजार एवं नेपाली नागरिकको नाममा फर्म दर्ता गरेर फरार भएका भारतीयहरूको करलाई उठ्न नसक्ने गरी जटिल प्रकृतिको २४ करोड बक्यौता रहेको उनले प्रस्ट पारिन् ।

बक्यौता उठाउन आन्तरिक राजस्व कार्यालयले पछिल्लो समय पत्र काटेर ताकेता गरिरहेको उनले बताउँदै चालू आवमा मूअकरतर्फ ३५ र आयकरतर्फ २१ गरी कुल ५६ जना करदातालाई पत्राचार गरिएको उनले बताइन् । मूअकरतर्फ पाँच लाखसम्म र आयकरतर्फ एक लाखसम्म बक्यौता राखेका करदातालाई उनले पत्र काटेको बताउँदै मूअकरतर्फ तीन करोड ६१ लाख र आयकरतर्फ २२ करोड १६ लाख कुल २५ करोड ७७ लाख बक्यौता उठाउन चालू आवमा ताकेता गरिएको बताइन् । यी फर्महरू विगतमा कारबाईमा नपरेका र खाता रोक्का नभएका व्यवसायी फर्महरू भएका उनले जानकारी गराइन् ।

देशमा आर्थिक तरलताका कारण करचुक्ता नगर्ने व्यवसायीहरूको सङ्ख्यामा वृद्धि भइरहेको आन्तरिक राजस्व कार्यालयको अध्ययनले देखाएको उनले जिकिर गरिन् ।

## रातिको विवाहमा खर्च र विकृति बढेसँगै

## पर्साका थारू समुदायमा पनि दिउँसो विवाह गर्ने चलन बढ्दै

प्रस, सेढवा, २० फागुन/

विकृति हटाउन तथा खर्च कम गर्न आदिवासी थारू समुदायमा दिउँसो विवाह गर्ने चलन बढेको छ ।

थारू परम्परा अनुसार लगातार तीन दिनसम्म हुने वैवाहिक कार्यक्रममा निकै खर्च हुने गरेको थियो । अहिले खर्च कम गर्न दिउँसो विवाह गर्ने प्रचलन बढेको छ। रातिको विवाहमा जन्ती लैजाँदा बेहुला र बेहुली दुवै पक्षलाई खर्चको भार बढेकाले दिउँसो विवाह गर्ने प्रचलन बढेको हो ।



तस्वीरः प्रतीक

पर्सागढी नगरपालिका–३ गोडपसराका जयनारायण चौधरीले दिउँसो हुने वैवाहिक कार्यक्रमका लागि रोडलाइट, पटाका नचाहिने र दिउँसो एकपटक मात्र भोज खुवाउनुपर्ने भएकोले खर्चमा कटौती हुने गरेको बताए। रातिको विवाहमा जन्ती लैजाँदा मादक पदार्थ सेवन गरी होहल्ला तथा झैंझगडा हुने गरेकाले अहिले थारू समुदायमा अधिकांश विवाह दिउँसो हुने गरेको उनले बताए ।

थारू कल्याणकारी समिति, पर्साका कार्यवाहक अध्यक्ष रामेश्वर महतोले दिउँसोको विवाहको अवधारणा धेरै अगाडि ल्याए पनि ढिलो गरी कार्यान्वयन भएको बताए । अहिले दिउँसो हुने विवाहका धेरै सकारात्मक पक्ष भएकाले धेरैजसो वैवाहिक कार्यक्रम दिउँसै भइरहेको अध्यक्ष थारूले बताए । अझ सामूहिक विवाहका लागि थारू कल्याणकारी समितिले पहल गरिरहेको उनलेले बताए । सामूहिक विवाह लागू गर्न सके धेरै कम खर्चमा धेरैजनाको विवाह हुने र आर्थिक व्ययभार पनि कम हुने उनले बताए । उनले सामूहिक विवाहलाई प्राथमिकता दिंदा गरीबहरूलाई पनि विवाह गर्न सहज हुने बताए ।

## यातायातमा सेवाग्राहीलाई पुनः निश्शुल्क निरोगिता प्रमाणपत्र


प्रस, वीरगंज, २१ फागुन/

यातायात व्यवस्था कार्यालय, लाइसेन्स वीरगंजमा सेवाग्राहीहरूलाई पुनः निश्शुल्क निरोगिता प्रमाणपत्र पाउन शुरू भएको छ ।

चालू आवको लागि डा साहिल पटेलले निश्शुल्क निरोगिता प्रमाणपत्र दिने गरी कार्यालयसँग सम्झौता गरेका थिए। उनले अध्ययनका लागि काठमाडौं जाँदा आफूले गर्ने कार्य डा राज पटेललाई सुम्पेका थिए ।

डा राज पटेलले यो कार्यलाई फागुन ८ गतेसम्म जारी राखेका थिए । तर सोही दिन यातायातका केही बिचौलियाहरूले उनलाई दुर्व्यवहार गरेर निश्शुल्क निरोगिता प्रमाणपत्र वितरणमा अवरोध सिर्जना गरेका थिए । बिचौलियाहरूको दुर्व्यवहारविरुद्ध डा राज पटेलले जिल्ला प्रहरी कार्यालय, पर्सामा लिखित उजुरी दिए। तर उनको उजूरीमा प्रहरीले चासो देखाएन ।

चासो नदेखाउनुको कारण बिचौलियातर्फबाट राजनीतिक दबाब र आर्थिक प्रलोभन थियो। चिकित्सकमाथि दुर्व्यवहार भएपछि यातायातले निरोगिता प्रमाणपत्र केही दिनको लागि रोकेको थियो । सो अवधिमा सेवाग्राहीहरूले बाहिरबाट महँगोमा निरोगिता प्रमाणपत्र बनाएर पेश गर्नुपरेको थियो। गत आवमा निरोगिता प्रमाणपत्रका लागि सेवाग्राहीले रु १५० तिर्नुपर्थ्यो। त्यस बेला लाइसेन्सको लागि फाराम खुल्दा दैनिक ६५ हजारसम्म आम्दानी हुन्थ्यो । लाइसेन्सको फाराम भर्न निरोगिता प्रमाणपत्र लिनेहरूको घुइँचो अहिलेसम्म लाग्ने गरेको छ ।



यातायात व्यवस्था कार्यालय, लाइसेन्स वीरगंजमा निश्शुल्क निरोगिता प्रमाणपत्रको आवेदन भर्दै सेवाग्राहीहरू । तस्वीरः फाइल

निरोगिता प्रमाणपत्र निश्शुल्क प्राप्त भएपनि प्रयोगशालामा भने शुल्क तिर्नुपर्छ ।

फागुन ८ गतेको घटनापछि केही दिनको लागि रोकिएको सेवा अहिले पुनः सुचारु भएको यातायात व्यवस्था कार्यालय, लाइसेन्स वीरगंजले जनाएको छ ।

## ठाकुर रामको मतदाता साढे १० हजार

प्रस, वीरगंज, २१ फागुन/

ठाकुर राम बहुमुखी क्याम्पस स्वविवु निर्वाचन समितिले आइतवार मतदाता नामावली प्रकाशन गरेको छ ।



ठाकुर राम बहुमुखी क्याम्पस । तस्वीरः प्रतीक

चैत ५ गते स्वविवु निर्वाचन मिति तोकिएको छ । सोलाई लक्षित गरेर आज मतदाता नामावली प्रकाशन गरिएको निर्वाचन अधिकृत रोशन लामिछानेले बताए । उनले करीब दश हजार पाँच सय मतदाता रहेको बताए । आज प्रकाशित मतदाता सूचीमा दाबी विरोधका लागि फागुन २५ गतेसम्मको मिति दिइएको छ । फागुन २५ गते ११ देखि १ बजेसम्म दुई घण्टाभित्र दाबी विरोध गर्न सकिने र ततपश्चात् छानबीन गरी अन्तिम नामावली सोही दिन साँझ प्रकाशित हुने उनले बताए ।

ठाराब क्याम्पसमा फागुन १७ गतेसम्म भर्ना लिइएको थियो । तीन महीनादेखि जारी भर्ना प्रक्रिया फागुन १७ गतेसम्म चलेको थियो । क्याम्पसमा परीक्षाको एक दिनअगाडिसम्म पनि भर्ना लिने प्रचलन रहिआएको छ ।

यसैगरी, चिकित्साशास्त्र अध्ययन संस्थान (नर्सिङ क्याम्पस), वीरगंजमा स्वविवु निर्वाचनका लागि छवटा विद्यार्थी सङ्गठन दर्ता भएका छन् ।

आज १५६ जनाको मतदाता नामावली प्रकाशन भएको सो क्याम्पसले जनाएको छ ।


फागु पूर्णिमा (होली)को अवसरमा सम्पूर्ण पाठकवर्ग, विज्ञापनदाता, स्तम्भकार, लेखक, संवाददाता, पत्रिका वितरक एवं शुभेच्छुकहरूमा हार्दिक मङ्गलमय शुभकामना ।

*हाम्रो भेट फागुन २६ गते शुक्रवार हुनेछ ।*

**प्रतीक दैनिक परिवार**


## वीरगंज भन्सारलाई राजस्व उठाउन टाउको दुखाइ

प्रस, परवानीपुर, २१ फागुन/

मुलुककै मुख्य भन्सारको रूपमा चिनिने वीरगंज भन्सारलाई लक्ष्य अनुरूपको राजस्व उठाउन टाउको दुखाइ भएको छ ।

आर्थिक मन्दीका कारण आयात करीब ६० प्रतिशतले कम हुँदा राजस्व सङ्कलनमा पनि ऱ्हास भएर लक्ष्य अनुरूपको राजस्व सङ्कलन गर्न असहज भएको भन्सार अधिकारीहरूको भनाइ छ । वीरगंज भन्सार कार्यालयले चालू आवको १२ महीनामा दुई खर्ब ६० अर्ब राजस्व सङ्कलन गर्नुपर्ने लक्ष्य लिएकामा फागुन १८ गतेसम्म ९६ अर्ब ६७ करोड ९१ लाख राजस्व मात्रै सङ्कलन भएको छ।

चालू आवको साढे सात महीना बितिसक्दा पनि कुल लक्ष्यको ५७ प्रतिशत मात्र राजस्व सङ्कलन भएको भन्सार कार्यालयको तथ्याङ्कले देखाउँछ। भन्सार अधिकारीको विश्लेषण अनुसार भारत तथा तेस्रो मुलुकबाट आयात हुने मालवस्तुका उत्कृष्ट २० वटा सामानमध्ये १७ वटा वस्तुको आयातमा पाँचदेखि ५० प्रतिशतसम्म ऱ्हास भएकाले राजस्व सङ्कलनमा कमी हुँदै गएको हो ।

प्रतिदिन वीरगंज भन्सारले ७१ करोड राजस्व सङ्कलन गर्नुपर्नेमा पेट्रोलियम पदार्थबाहेक दैनिक ३५ देखि ४० प्रतिशत मात्र सङ्कलन भइरहेको वीरगंज भन्सारका सूचना अधिकारी रामप्रसाद ढकालले जानकारी दिए ।

उनका अनुसार कुनै कुनै दिन नेपाल आयल निगमको डिजल, पेट्रोललगायत पेट्रोलियम पदार्थ ठूलो परिमाणमा आयात हुँदा डेढदेखि दुई अर्बसम्म पनि राजस्व सङ्कलन हुँदै आएको छ ।



नेपालका लागि आयात गरिएका सवारीसाधन । तस्वीरः प्रतीक

विगत लामो समयदेखि वीरगंज भन्सारमा रोकिराखिएका विभिन्न आयातकर्ताहरूका करीब दुई हजार सवारीसाधन अहिले पनि होल्ड भएर

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

आशा र विश्वास कहिले गलत हुँदैन, यो हामीमा भर पर्छ कि कोसँग आस गर्ने र कसमाथि विश्वास गर्ने ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : राजाप्रसाद कुर्मी (आरके)
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: eprateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

## पछि हट्न पाइँदैन

**एक पाइला अघि बढ्ने र दुई पाइला पछि हट्ने नियत वीरगंज महानगरपालिकाको देखिँदै आएको छ । यसले गर्दा वीरगंजका धेरै सार्वजनिक जग्गाहरू व्यक्तिगत अतिक्रमणमा परेर नाश भइसकेका छन् । छपकैया पोखरी, माईराम पोखरी मात्र होइन, ज्ञात–अज्ञात थुप्रै सार्वजनिक जग्गा व्यक्तिको स्वामित्वमा आइसकेका छन् । यद्यपि नेपालको हिजो वा आजको कानूनले यसलाई जुन बेला पनि बदर गरेर सार्वजनिक घोषित गर्न सक्छ । कुनै पनि जग्गा कसैले खरीद गर्दछ भने त्यसको विक्रेता पनि हुन्छ । विक्रेताविना खरीद गरिएको वा स्वामित्व स्थापित गरिएको जग्गा नाम रजिस्ट्रेशनको भरमा व्यक्तिको हुन सक्दैन भन्ने कानूनी प्रावधान छँदाछँदै थुप्रैपटक यो मुद्दा अदालतमा पुगिसकेको छ, तर कसैप्रति अन्याय नहोस् भन्ने न्यायको मर्मको आधारमा आजसम्म व्यक्तिकै रजाइँ चलिआएको छ र महानगरपालिका केही आफ्नै असमञ्जस र केही बाध्यताले अतिक्रमित जग्गाहरू मुक्त पार्नबाट पछि हट्न बाध्य हुँदै आएको छ । माईराम पोखरीको जग्गा त पुराना मात्र होइन, नयाँ पीढीले पनि हेर्दाहेर्दै अतिक्रमणमा परेको र नगरका साधनसम्पन्न, धनीमानीहरूले नै कब्जामा पारेको यथार्थ हो ।**

**यो पोखरी सार्वजनिक हो भने विक्रेता हुने प्रश्नै उठ्दैन, अनि कसैले कसरी र कोसँग खरीद गऱ्यो ? यतिमात्र प्रश्नको उत्तर इमानदारीपूर्वक खोज्ने हो भने आजको आजै अतिक्रमित जग्गा सार्वजनिक बन्न पुग्छ । महानगरपालिकामा नयाँ कार्यसमिति निर्वाचित भएपछि तिनै जग्गा प्राप्तिको प्रयासलाई प्राथमिकता दिएको देखिएको छ । मुद्दा अदालतमा विचाराधीन रहेकोले घुमाउरो बाटोबाट महानगरपालिका जग्गा कब्जा गर्ने रणनीतिमा छ । अर्थात् नाप–नक्शाविनाको घर भत्काउन पाउने अधिकार प्रयोग गर्दैछ । कुनै पनि सार्वजनिक चासोको काम गर्दा यति घुमाउरो पारा उपयुक्त होइन । यसले समयको बर्बादी त हुन्छ नै, जग्गामा महानगरपालिकाको स्वामित्व कायम भएको पनि देखिंदैन । यहाँ कानूनलाई दोष दिने कि कानून परिपालनामा त्रुटि भएको भन्ने ? अदालत स्वयंले त्रुटि गर्न सक्दैन । सरोकारवाला व्यक्तिले प्रमाण पुऱ्याउन नसकेको वा अर्को पक्षले जाली प्रमाणहरू पेश गरेको हुनुपर्छ । छपकैया पोखरी आफ्नो दाबी गर्ने व्यक्तिले आफू स्वयम् वडाध्यक्ष हुँदा माछापालनका लागि ठेक्का लगाएका थिए । अर्थात् त्यसमा नगरपालिकाको स्वामित्व स्वीकार गरेका थिए, फेरि नेपालको कानूनले नै सार्वजनिक उपयोगमा आइसकेको सम्पत्ति व्यक्तिकै नाममा भएपनि सार्वजनिक कायम हुने प्रावधान समाहित गरेको छ । तर पनि त्यो पोखरी व्यक्तिको नाममा गयो । यो अचम्म नै हो !**

**कानून सामाजिक परम्पराविपरीत हुन सक्दैन । बनाइँदा पनि बनाइन्न । दुनियाँभरिको समाजमा व्यक्तिगतभन्दा सार्वजनिक वस्तु (जग्गा–सम्पत्ति)लाई प्राथमिकता दिइन्छ । व्यक्तिगत सम्पत्ति एकजनाको हुन्छ, सार्वजनिक सम्पत्ति सबैको हुन्छ । सबैको हितविपरीत व्यक्तिलाई लाभ पुऱ्याउनु कुनै पनि सभ्य समाजले सहन सक्दैन । तर नेपालमा सार्वजनिक सम्पत्ति लुट्ने र व्यक्तिगत बनाउने नराम्रो चलनलाई टेवा दिने गरिएको छ । सरोकार महानगरपालिकाको हो । तसर्थ अतिक्रमित जग्गा–सम्पत्तिप्रति उदासीनता नगर वा नगरवासीको हितमा हुन सक्दैन । महानगर यस कुरामा चनाखो हुनुपर्छ । महानगर यस अभियानबाट पछि हट्न सक्दैन र हट्नु पनि हुन्न ।**

# क्वाड र जी-२ सम्मेलनको निहितार्थ

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**अमेरिकाले भने जी-२० को अध्यक्षको रूपमा भारतले भने युक्रेन युद्ध समाप्त गर्न विशिष्ट भूमिका निर्वाह गर्न सक्ने भनेको छ किनभने भारत र रूसबीच ऐतिहासिक सम्बन्ध रहिआएको छ ।**

हिन्द-प्रशान्त क्षेत्रमा सहयोग र विकासलाई अभिवृद्धि गर्ने उद्देश्यले गठित अमेरिका, भारत, अस्ट्रेलिया र जापानजस्ता देशहरूको सङ्गठन 'क्वाड'का विदेशमन्त्रीहरूको बैठक हालै भारतको राजधानी नयाँ दिल्लीमा सम्पन्न भएको छ। बैठकपछि जारी संयुक्त घोषणापत्रमा विभिन्न क्षेत्रीय एवं अन्तर्राष्ट्रिय विषयहरूप्रति साझा धारणा व्यक्त गरिएका छन्। बैठकले एकै स्वरमा चीन र रूसलाई आआफ्नो क्षेत्रमा आक्रामक व्यवहार जारी राखेकामा आलोचना गर्दै यसमाथि रोक लगाउन भनेको छ। बैठकले युक्रेन सङ्कटको समाधान संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा न्यायसङ्गत तरीकाले र स्थायीरूपमा हुनुपर्ने मागसमेत गरेको छ। रूसको नाम नै नलिइए पनि पटक-पटक परमाणु युद्धको धम्की दिने गरेकोमा यसलाई अस्वीकार्य भनेको छ । हालका महीनामा रूसले अप्रत्यक्षरूपमा पटक-पटक परमाणु युद्धको धम्की दिंदै आएको छ ।

बैठकमा हिन्द-प्रशान्त क्षेत्रलाई पूर्णरूपले खुला र सबैका निम्ति समान अवसरयुक्त बनाउनेमा प्रतिबद्धता पनि व्यक्त गरिएको छ । साथै सकारात्मक मुद्दा लिएर अगाडि बढ्ने वाचा पनि गरिएको छ। बैठकले एउटा स्वतन्त्र एवं खुला हिन्द-प्रशान्त क्षेत्रका लागि चार सदस्यीय समूहको गठन पनि गरेको छ र भनिएको छ कि कानूनी शासन, सार्वभौमिकता, क्षेत्रीय अखण्डता र विवादहरूको शान्तिपूर्ण समाधानप्रति खुलेर समर्थन जनाउने काम भएको छ। अमेरिकी विदेशमन्त्री एन्टनी विल्केन, भारतीय विदेशमन्त्री एस जयशङ्कर, जापानी विदेशमन्त्री योशिमाया घ्याशी र अस्ट्रेलियाका विदेशमन्त्री पेनी वाङको बैठकपश्चात् आतङ्कवादसित मुकाबिलाका लागि एउटा क्वाड कार्यकारी समूह गठन गर्ने विषयमा पनि सहमति भएको छ । आतङ्कवादका नयाँ र सम्भावित स्वरूप, कट्टरपन्थ र हिंसक चरमपन्थसित मुकाबिलाका लागि आवश्यक उपाय पत्ता लगाउने उद्देश्यले यस समूहको गठन भएको हो ।

जी-७ को जापानको अध्यक्षता, जी-२० को भारतको अध्यक्षता र २०२३ मा एशिया-प्रशान्त आर्थिक सहयोग (एपेक)को अमेरिकी आतिथ्यताका दौरान क्वाडको उद्देश्यको पूर्तिका लागि मिलेर काम गर्ने अवसर प्राप्त हुने विश्वास पनि व्यक्त गरिएको छ। संयुक्त घोषणापत्रमा आतङ्ककारी हमला गर्ने, त्यसको षडयन्त्र गर्नमा सक्रिय आतङ्ककारी सङ्गठनहरूलाई आर्थिक अथवा सैन्य सहयोग दिनेहरूको पनि आलोचना गरिएको छ । यसमा एउटा देशको सिमाना पार गरी अर्को देशमा गरिने आतङ्ककारी हमलाको पनि आलोचना गरिएको छ। पूर्वी र दक्षिणी चीन सागरमा चिनियाँ हस्तक्षेपको खुलारूपमा नाम नलिई क्वाडका विदेशमन्त्रीहरूले समुद्री मार्गमा जल यातायातको स्वतन्त्रताको महत्त्वबारे उल्लेख गरेका छन्। संयुक्त राष्ट्रसङ्घका नियमहरू र अन्तर्राष्ट्रिय कानूनहरू लागू गरिएमा मात्रै सबै देशको सार्वभौमिकता, राजनीतिक स्वतन्त्रता र भौगोलिक अखण्डताको रक्षा हुन सक्नेछ भन्दै यदि कुनै देशद्वारा संयुक्त राष्ट्रसङ्घ अथवा अन्तर्राष्ट्रिय नियमको मनपरी गरी कुनै देशमाथि अन्याय, अत्याचार र हस्तक्षेप गर्ने काम भएमा पीडित देशको पक्षमा क्वाड देशहरूले सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरिएको छ ।

क्वाडका चारवटै देश भारत, अमेरिका, अस्ट्रेलिया र जापान लोकतन्त्रमाथि विश्वास राख्ने लोकतान्त्रिक देशहरू हुन्। चारैवटा देश निर्बाध समुद्री व्यापार तथा सुरक्षाका साझा हितका समर्थक पनि हुन् । क्वाड समूहको बैठकको चर्को आलोचना गर्दै चीनले देशहरूबीचको बैठकको उद्देश्य शान्ति र विकासलाई अगाडि बढाउनुपर्ने विषय हुनुपर्ने भनेको छ । क्वाड देशका विदेशीमन्त्रीहरूले एउटा मुक्त र खुला हिन्द-प्रशान्त क्षेत्रको वकालत गर्दै आएका छन्। हिन्द-प्रशान्त क्षेत्रमा चीनको बढ्दो आक्रामकतालाई लिएर जारी विश्वव्यापी चिन्ताको पृष्ठभूमिमा यो बैठक भएको मानिन्छ ।

भारतमैं विश्वका ठूला अर्थतन्त्र भएका देशहरूको सङ्गठन जी-२० को सम्मेलन पनि हालै सकिएको छ । तर सो देशका अर्थमन्त्रीहरू संलग्न रहेको सम्मेलन समाप्तिपछि जारी गरिएको आउटकम डकुमेन्टमा सहमति भने जुट्न सकेन। बेङ्गलुरुमा आयोजित सम्मेलनमा चीनले एक वर्षदेखि युक्रेनमाथि जारी रूसको आक्रमणको निन्दा गर्न अस्वीकार गरेको छ । त्यस्तै, रूसले पनि जी-२० का अर्थमन्त्रीको सम्मेलनमा युद्धलाई लिएर आफ्नो दिशा देखाउँदै रूसी विरोधी देशले जी-२० को गतिविधिलाई अस्थिर पारेको आरोप लगाएको छ । यो सम्मेलनपूर्व यही साता चीनले रूस-युक्रेन युद्ध समाप्त पार्न आफ्नो १२ सूत्रीय शान्ति योजना अगाडि सार्दै युक्रेनमा शान्ति कायम गर्ने कोशिश हुनुपर्ने भनेको थियो ।

भारतले पेश गरेमा आफ्नो निचोडमा युक्रेनमा जारी युद्ध र रूसमाथि लगाइएका प्रतिबन्धलाई लिएर चीनले भिन्दै अनुमान गरेको छ । चीनको १२ सूत्रीय शान्ति योजनामा कहींकतै रूसको आक्रमणको निन्दा गरिएको छैन, न त रसियाली सेना फिर्ता हुनुपर्ने माग नै गरिएको छ। मध्यमार्गी भाषाको प्रयोग गर्दै युद्ध समाप्त गर्नका लागि शान्तिवार्ता र राष्ट्रिय सम्प्रभुताको सम्मान गर्न भनिएको छ । भारत पनि जी-२० को साझा विज्ञप्तिप्रति पूर्णतः सहमत छ । यसका कतिपय शब्दहरूप्रति भारत सहमत छैन । भारतले भने एकातिर उनीहरू आर्थिक विषय समाधान गर्नतिर जोड दिइरहेका थिए भने अर्कोतिर अन्य १८ देशलाई युद्धले दैनिक अर्थतन्त्रमा प्रभाव पारेको महसूस गरिरहेको थियो भनेको छ ।

जी-२० सम्मेलनको साझा विज्ञप्तिको १७औं अनुच्छेदमा सारांशमा टर्कीमा हालसालै भएको विनाशकारी भूकम्प, कम तथा मध्यम आय भएका देशका ऋण समस्या, वैश्विक कर नीति तथा खाद्य असुरक्षाबारे उल्लेख गरिएको छ। रूसको विदेश मन्त्रालयका अनुसार जी-२० देश मिलेर यसको गतिविधिलाई अस्थिर गर्न लागेकोमा दुःख लागेको र यसको प्रयोग रूसविरुद्ध हुने आशङ्का व्यक्त गरेको छ । अमेरिका, युरोपेली सङ्घ र जी-७ सँग आबद्ध देशले भावनात्मक अत्याचार गरेको आरोप रूसको रहेको छ। चीनले पनि यो देशलाई बहुध्रुवीय विश्वको वास्तविकतालाई स्वीकार गर्नुपर्ने भनेको छ। जी-२० सदस्य देशको बैठकमा यस मुद्दामा संयुक्त विज्ञप्ति जारी हुन सकेन। जी-२० समूहको बैठकमा रूसी विदेशमन्त्री सर्गेई लाभरोभले पश्चिमेली देशहरूको विरोध गर्दै युक्रेन युद्धको विरोध गर्नेहरूले इराक, अफगानिस्तान र युगोस्लाभियाको स्थितिबारे कहिल्यै चिन्ता नगरेको आरोप लगाए। उनले रूसलाई युद्ध समाप्त पार्न भन्नेहरूले युक्रेनका राष्ट्रपति जेलेन्स्कीको त्यस अडानमाथि टिप्पणी गर्न नरुचाएको आरोपमा जसमा जेलेन्स्कीले मस्कोसित वार्ता गर्नुलाई आपराधिक कृत्य घोषित गरेका छन् ।

अमेरिकाले भने जी-२० को अध्यक्षको रूपमा भारतले भने युक्रेन युद्ध समाप्त गर्न विशिष्ट भूमिका निर्वाह गर्न सक्ने भनेको छ किनभने भारत र रूसबीच ऐतिहासिक सम्बन्ध रहिआएको छ। साथै भारतसित नैतिक स्पष्टतासहित बोल्न सक्ने क्षमता रहेको तथा नरेन्द्र मोदीजस्ता प्रधानमन्त्री भएको भनेको छ। यसैबीच, चीनका विदेशमन्त्री किन गाङले भारतीय विदेशमन्त्री एस जयशङ्करलाई भारत र चीनबीचको दुई पक्षीय सम्बन्धलाई सामान्य बनाउन सिमाना मुद्दालाई उचित स्थान दिनुपर्ने र आफ्ना सिमानालाई पनि सामान्य बनाउन मिलेर काम गर्न माग गरेका छन् । विगत ३४ महीनादेखि दुवै देशबीच सामान्य सम्बन्ध रहेको छैन । यसलाई पनि संयोग नै मान्नुपर्दछ कि कहिल्यै सिमानाको विषयमा कुरा गर्न नचाहने चीन अब स्वयम् नै भारतसित सिमाना वार्ताको विषयलाई प्रमुख मुद्दा मानेको छ । भारतमा जी-२० र क्वाड समूहको बैठक सम्पन्न हुनु भारतको बढ्दो वैश्विक प्रभावको सशक्त उदाहरण हो ।

# डम्फू र मृदङ्गको तालमा गाइने जोगिरा हराउँदै

महोत्तरी, २१ फागुन/रासस

'होरी' (फागु) पर्व आउन दुई दिन मात्रै छ । तर विगत वर्षहरूमा देखिने फागुको रोमाञ्च तथा उत्साह भने अहिले हराउँदै गएको छ ।

मिथिलामा फागुको स्वागतमा हार्मोनियमको मीठो राग, लय एवं डम्फू र मृदङ्गको तालमा जम्ने जोगिराको दलान देखिन छाडेको छ । श्रीपञ्चमी (वसन्तपञ्चमी)सँगै अबेर रातिसम्म गुञ्जने जोगिरा (फागुविशेष गीत) अब महोत्तरीसहितका मिथिलामा सुन्न छाडिएका छन् ।

श्रीपञ्चमी पर्व (माघ शुक्ल पञ्चमी) मा वसन्त उत्सव शुरू भएसँगै मृदङ्ग, हारमोनियम र डम्फू (जोगिराका वाद्यवादन)का तालमा प्रत्येक रात मिथिलाका बस्ती–बस्तीमा गाइने जोगिरा पछिल्ला दुई दशकयता कम सुनिन थालेको हो ।

मिथिलाका बस्तीरबस्तीमा टोलैपिच्छे घर–दलानमा गवैया (गायक) का समूहले गाउने जोगिराले दिने फागु पर्व नजीकिएको सन्देस अब सुन्न छाडिएकोमा यहाँका बुढापाका चिन्तित छन् । एउटा बस्तीका गवैया एक ठाउँ भेला भएर सामूहिकरूपमा गाइने जोगिराले होरीको सन्देश दिन र उमङ्गित बनाउने विषय अब कथामा मात्रै साँचिन पुगेको महोत्तरीको बर्दिवास नगरपालिका–९ पशुपतिनगरका पुराना जोगिरा गवैया ६० वर्षीय छठु महतोको भनाइ छ ।

"कुनै समय थियो जतिबेला हामी जोगिरा गाउन थालेपछि डेढ महीनासम्म पूरै बस्ती उमङ्गमा हुन्थ्यो"–महतोले विगत सम्झँदै भने–"अहिले जोगिरा सुन्न मन व्यग्र हुन्छ ।" खासगरी विसं २०५२ मा माओवादी जनयुद्ध शुरू भएपछि सुरक्षाको चिन्ताका कारण एक ठाउँ जम्मा हुने र रमाइलो गर्ने चलन हटेको महतोको भनाइ छ ।

भक्ति, ख्याल–ठट्टा, प्रेमयुक्त र रउस मिसिएका शब्दावलिको संयोजनका जोगिरा (फागु गीत) सुन्न छाडिएपछि फागुपर्वको रौनक हराउँदै गएको यहाँका बुढापाकाको गुनासो छ ।

"हेर्नोस् बाबू, अब फागु पर्व आउन केही दिन मात्र बाँकी छ, तर फागु आउँदैछ भन्ने भान नै परेको छैन"–बर्दिवास नगरपालिका–९ पशुपतिनगरका ८० वर्षीया नथुनी महतो दुःखेसो पोख्छन् । जोगिरा गवैया समूहभित्रका पुरानो पुस्ता मर्ने र बुढ्याइँले घरको कुनामा थन्किने क्रमसँगै नयाँ पुस्ताले यो संस्कृतिबारे चासो नदिएपछि अब यो लोप हुने अवस्थामा पुगेको महतोकै छिमेकी ७० वर्षीय धनीराम महतो बताउँछन् ।

आपसी सद्भाव, भ्रातृत्व र उमङ्गको प्रतीक मानिने फागु (होली) पर्वमा हास–परिहास, ठट्टा तथा गीतबाटै गरिने छेडखानी, प्रेमयुक्त भाव र रउसको संयुक्त प्रतिविम्ब–जोगिरा सुन्न छाडिएपछि यो पर्व आउँदै गरेको छनक नै हुन छाडेको भङ्गाहा–३ का बासिन्दा नेपाली काङ्ग्रेसका नगर सभापति ७५ वर्षीय रूपनारायण सिंह थारू बताउँछन् ।

'हे डम्फाके चोट महलबीच पहुँचय, सुतली गोरिया चहक उठय.. अही फागुन में ! जोगिरा..सररररर !! (जब डम्फूको आवाज घरभित्र पुग्दछ, सुतेकी नवयौवना जाग्छिन्..फागुमा) ख्यालठट्टा गर्न मैथिल सामाजिक स्वीकृति पाएको नाताबीच (साली–भिनाजु, देवर–भाउजु, सोल्टा–सोल्टी) बीच जोगिरा गीतमार्फत हुने ठट्टाले दिने मनोरञ्जन र कोठाभित्र लुकेर बसेकी नवयौवनालाई शृङ्गार गीतका भावले आउँदो होरीमा फागु खेल्न आउने चुनौतीपूर्ण निम्ता दिने यस्ता स्वर सुनिन छाडेको महोत्तरीकै एकडारा गाउँपालिकाको भटौलियाका बासिन्दा विजयकुमार कर्ण बताउँछन् ।

सामाजिक छुवाछूत, उचनीच जात र भिन्नभिन्न धर्मसंस्कृतिभन्दा माथि उठेर एक अर्कोलाई अङ्कमाल गर्दै सामाजिक सद्भाव र समानताको सन्देश दिन रमाउने परम्पराको होली पर्व मिथिला संस्कृतिको धरोहर मानिन्छ । तर, यसको सौन्दर्यको महत्त्वपूर्ण अङ्ग श्रीपञ्चमीदेखि फागुन पूर्णिमासम्म गाइने जोगिरा लोप हुँदै गएर अब 'डिस्को' बज्न थालेपछि मैथिल मौलिकता हराउँदै गएको कर्णले चिन्ता व्यक्त गरे ।

ख्यालठट्टा गरिने नाताबीचका नवयौवना मात्र नभई गवैया समूहबीच नै ठट्टा गर्ने नाताबीच हुने जोगिराको कटाक्ष पनि कम मनोरञ्जक हुँदैन । 'कई हाथ के धोती पहिरेई, कई हाथ के लपेटा, कई धार के पानी पिए, कई बाप के बेटा..! जोगिरा..सररर...!!' एक पक्षले अर्को पक्षलाई 'कई बापके बेटा' (कतिवटा बाबुको छोरा) भनेर गीतमार्फत नै सोधिने भाव जोगिराबाहेक अरू बेला कल्पना पनि गर्न नसकिने मिथिला लोकसंस्कृतिका ज्ञाता जलेश्वर नगरपालिका–४ सुगाभवानीपट्टीका बासिन्दा पूर्वप्रशासक (सेवानिवृत उपसचिव) ८० वर्षीय कृष्णचन्द्र झा बताउँछन् ।

जोगिरामा कामोत्सव भाव, वीर रस, आफ्नो परम्परागत संस्कृतिप्रतिको गौरवबोध, आध्यात्मिक पक्ष र धार्मिक परम्पराप्रतिको समर्पण, माया प्रेम, ऊर्जा संस्कृतिको प्रचुरता, परम्पराको निरन्तरता र उमङ्गको भाव एकसाथ भेटिइने झा बताउँछन् ।

राजनीतिक अधिकारका लागि

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४८



ड्राइपोर्ट सञ्चालन गर्ने प्रिस्टिन म्याली ड्राइपोर्ट प्रालि, श्रीसिया सुक्खा बन्दरगाह र माओवादीनिकट प्रेस सेन्टर पर्साको होली मिलन समारोहको दृश्य। तस्वीरः राधेश्याम पटेल

# टिकटकमा बढ्यो "पाइरेसी"

काठमाडौं, २१ फागुन/रासस

गीत–सङ्गीत सामाजिक सञ्जालमा पनि उत्तिकै सुन्न र हेर्न पाइन्छ। भिडिओ शेयरिङ प्लेटफर्म टिकटकमार्फत गीत–सङ्गीतको प्रचारप्रसार हुने भएकाले सर्जक यसतर्फ जोडिएका छन्। प्रचारप्रसारमा सहयोगी देखिएको टिकटकमा हिजोआज चलचित्रका दृश्यहरू पनि देख्न पाइन्छ।

ससाना क्लिप आउँदा प्रचारप्रसार भएको मान्ने चलचित्रकर्मी केही समययता महत्त्वपूर्ण दृश्यसमेत भेटिंदा भने चिन्तित भइरहेका छन्। क्लिप खण्डखण्ड गरेर टिकटकमा आउँदा चलचित्र नै पाइरेसी भइरहेको छ। दर्शकले रुचाएको चलचित्रको दृश्य बढी लोकप्रिय हुने भएकाले टिकटकमा राख्ने गरिन्छ। 'ए मेरो हजुर–४', 'कबड्डी–४', 'झिंगेदाउ', 'प्रेमगीत–३'पश्चात् यो समस्या 'छक्का पञ्जा–४'मा पनि देखिएको छ।

गत शुक्रवारदेखि प्रदर्शन भएको चलचित्रको दृश्य टिकटकमै भेटिएपछि निर्माण पक्षले त्यस्तो नगर्न आग्रह गरेका छन्।

राम्रो व्यापार गरिरहेको चलचित्रको प्रतिक्रिया लिन चलचित्रघर पुगेका अभिनेता केदार घिमिरेले यस्ता दृश्य मोबाइलमा नखिच्न आग्रह गरे। "नजानेर वा रमाइलोका लागि खिचिएको दृश्यले हामीलाई नोक्सान पुर्‍याएको छ। त्यो अपराध हो। तपाईं र आफ्नो परिवारलाई चलचित्र खिचेर टिकटकलगायत सामाजिक सञ्जालमा हाल्न हुँदैन भन्दिनुस्। यो सन्देश सबैकहाँ पुर्‍याइदिनुस्," उनले भने।

अभिनेता घिमिरेसँगै रहेका कलाकार दीपकराज गिरी, अभिनेत्री तथा निर्देशक




दीपाश्री निरौलाले समेत टिकटकमा आइरहेको भिडियोका ससाना दृश्यले अप्ठ्यारो पारिरहेको गुनासो गरे। अभिनेता अनमोल केसीको अभिनय रहेको '२.० छड्के'का समेत दृश्य टिकटकमा भाइरल भएका छन्। भिसिडी, पेनड्राइभ र युट्युबभन्दा घातक टिकटकको पाइरेसी देखिएको निर्देशक ज्ञानेन्द्र देउजाले बताए। "ससाना क्लिप आउँदा प्रचारप्रसार नै भएको देखिन्छ तर खण्डखण्ड गरेर हाल्दा सम्पूर्ण चलचित्र नै पाइरेसी भइरहेको छ। हामीले यस विषयमा नसोच्ने हो भने भोलि यो क्रम झनै बढ्नेछ," उनले भने।

नेपाल चलचित्र सङ्घले चलचित्रघरमै सूचना टाँसेर भिडियो नखिच्न अनुरोध गरिरहेको महासचिव नरेन्द्र महर्जनले बताए। "हलमा आउनुहुने दर्शकलाई भिडिओ नखिच्न आग्रह पनि गरिरहेका छौं। हाम्रो कर्मचारीले बेलाबखतमा गएर मोबाइल निकाल्ने दर्शकलाई आग्रह पनि गर्नुहुन्छ," उनले भने, "कोरोना भाइरसको महामारीपश्चात् प्रदर्शनमा आएको भारतीय चलचित्र 'पुष्पा'का अधिकांश दृश्य टिकटकमा लोकप्रिय भएपछि भिडिओ क्लिप बनाउने क्रम बढेको हो।" भारतीय चलचित्र 'आरआरआर' र 'केजिएफः च्याप्टर–२' को टिकटकमा भेटिएका दृश्य जोड्ने हो भने लगभग चलचित्र नै बन्छ। विदेशी मात्र होइन, स्वदेशी चलचित्र 'ए मेरो हजुर–४', 'कबड्डी–४' को पनि अन्तिम दृश्य टिकटकलगायत सामाजिक सञ्जालमा भाइरल हुँदा निर्माता तथा निर्देशकमा चिन्ता बढेको थियो। पछिल्लो समय सामाजिक सञ्जालका माध्यममा आफ्ना गतिविधिबारे जानकारी दिने प्रचलन बढ्दो भएकाले नै समस्या बढिरहेको छ। आफ्ना गतिविधिलाई सोशल मिडियामैत्री बनाएकै कारणले लोकप्रियतासँगै समस्या पनि सिर्जना भएको चलचित्र निर्माता तथा निर्देशकको भनाइ थियो।

# ठोरीमा उज्यालो अभियान शुरू

चिरञ्जीवी सापकोटा, ठोरी, २१ फागुन/

ठोरी गाउँपालिका–२ मा उज्यालो अभियान कार्यक्रम सञ्चालन गरिएको छ। युथ फर चेन्जको आयोजनामा आइतवार ठोरीको गौतमनगरबाट उज्यालो अभियान सञ्चालन गरिएको हो। वडाध्यक्ष अमृतकृष्ण सापकोटाको रोहबरमा सडक पोलमा बत्ती जडान गरी उज्यालो कार्यक्रमको थालनी गरिएको युथ फर चेन्ज, ठोरीका अध्यक्ष छतेन्द्र आचार्यले बताए। उज्यालो अभियान अन्तर्गत पहिलो चरणमा आज ३५ वटा बत्ती जडान गरिएको र उक्त बत्ती हुलाकी सडकदेखि चोकबजार हुँदै मेलटोल चोकसम्मका ३५ वटा पोलमा बत्ती जडान गरिएको अध्यक्ष आचार्यले बताए।




युथ फर चेन्जको आयोजनामा भोलि सोमवार होली मिलन समारोह आयोजना हुने उनले बताए। ठोरीको चोकबजारमा साङ्गीतिक कार्यक्रमसहित होली विशेष कार्यक्रम सञ्चालन गरिने र कार्यक्रममा कलाकार निशान भट्टराईको प्रस्तुतिका साथै स्थानीय कलाकारहरूको सहभागिता हुने अध्यक्ष आचार्यले बताए।

# जनकपुर–जयनगर रेल बीमाविना सञ्चालनमा

धनुषा, २१ फागुन/रासस

जनकपुर–जयनगर रेलसेवा सरकारको नीतिविपरीत बीमाविना नै सञ्चालन भइरहेको छ। नियमित सञ्चालनमा आएको झन्डै एक वर्ष हुन लाग्दा पनि व्यवस्थापकीय पक्षद्वारा बीमा नगरी रेल सञ्चालन गरेको पाइएको छ।

विसं २०७८ चैत १२ गतेदेखि नियमितरूपमा रेलसेवा सञ्चालन हुँदै आएको छ। भारतीय बजार जयनगरदेखि कुर्थासम्म ३५ किलोमिटर दूरीमा दैनिक दुईपटक रेलसेवा सञ्चालनमा छन्। सो मार्गमा सञ्चालित दुईवटा रेल बजेट अभावका कारण बीमा नगरीकनै सञ्चालन गर्नुपरेको नेपाल रेलवे कम्पनीका इन्जिनीयर रवीन्द्र साहले जानकारी दिए। उनले भने, "रकम अपुग भएपछि बीमा गराउन सकिएको छैन।"

दुवै रेलको बीमाका लागि चालु आर्थिक वर्ष २०७९/८० मा रु १५ लाख र गत आवमा रु ३० लाख विनियोजन गरिएको थियो। एउटा बोगीसहितको रेलको बीमाका लागि रु ९० लाख आवश्यक पर्छ। रकम अभाव भएपछि बीमा गर्न नसकिएको साहको भनाइ छ।

"दुवै रेलको बीमाका लागि रु एक करोड ८० लाख आवश्यक पर्छ," रेलवे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले भने। बीमा नगरिए पनि रेल दुर्घटना भएर कोहीले ज्यान गुमाएमा उनीहरूका परिवारजनलाई नेपाल रेलवेको ऐन अनुसार प्रतिव्यक्ति रु सात लाख क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था रहेको उनले बताए। झाले भने, "एकातिर यहाँका बीमा कम्पनी रेलको बीमा गर्न तयार छैनन् भने अर्कोतिर बीमा गर्न बजेट अभाव छ। यात्रीको मात्रै बीमा गर्ने प्रक्रिया जटिल भएकाले हालसम्म रेल र यात्री दुवैको बीमा गराउन सकेका छैनौं।"

जयनगर–कुर्था रेल नेपाल रेलवे कम्पनीले सञ्चालन गरे पनि हालसम्म दुवै रेल रेलवे विभागको नाममा छन्। विभागले रेलको स्वामित्व कम्पनीलाई हस्तान्तरण नगरेको महाप्रबन्धक झाले जानकारी दिए।

गत पुसमा वैदेही स्टेशनमा नेपाली रेलले किचेर एकजना यात्रीको मृत्यु भएको थियो। रेल खुल्न लागेको समयमा टिकट नलिई चढ्ने क्रममा लड्दा किचिएर धनुषाको नगराइन नगरपालिकाका पूर्ण सदाको ज्यान गएको थियो।

उक्त घटनाको छानबीन गरी मृतकका परिवारजनलाई क्षतिपूर्ति दिनका लागि छानबीन समिति गठन गरिएको थियो। उक्त समितिले कम्पनी दैनिक लाखौं रुपियाँ घाटामा सञ्चालन भइरहेको, रेल तथा यात्रीको बीमा नभएको तथा मृतकले टिकट नलिएको उल्लेख गर्दै क्षतिपूर्तिका लागि सिफारिश नगरिएका कारण क्षतिपूर्ति नदिइएको हो।

# माध्यमा परिक्रमा बिसौल पुग्यो

प्रस, वीरगंज, २१ फागुन/

१५ दिने मध्यमा परिक्रमा आइतवार भारत, बिहारको बिसौल पुगेको छ। शनिवार १३औं पडावस्थल करुण पुगेर रात्रि विश्राम गरेका परिक्रमायात्री आज बिहान बिसौल प्रस्थान गरेका थिए।


१४औं पडावस्थल बिसौलमा रात्रि विश्राम गरेपछि भोलि कल्ना प्रस्थान गर्ने र त्यसपछि जनकपुरधाम फर्किने बताइएको छ।

धनुषाको मिथिला बिहारी नगरपालिका–८ स्थित ऐतिहासिक महत्त्वको मिथिला बिहारी मन्दिरबाट झाँकी र कीर्तनसहित परिक्रमा फागुन ८ गतेदेखि शुरू भएको थियो।

प्रत्येक वर्ष फागुन शुक्लपक्ष प्रतिपदाका दिनदेखि १५ दिन मिथिला मध्यमा परिक्रम शुरू हुने र परिक्रमाको क्रममा १५ दिनसम्म डोलालाई जनकपुरधामबाट कल्याणेश्वर हुँदै फूलहर, मठिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कञ्चनवन, क्षीरेश्वरनाथ (पर्वता), धनुषाधाम, सतोषर (मिथिलेश्वरनाथ), अउढी, करुणा, बिसौल र फेरि कल्याणेश्वरसम्म पुर्‍याउने परम्परा रहेको छ। डोला फागु पूर्णिमाका दिन जनकपुरधाम फर्किएर नगरको पाँचकोसे अन्तर्गृह परिक्रमा गरी समाप्त हुनेछ।



तस्वीरः सौजन्य



**हिमपातपछि खुलेको मनाङ :** मनाङ डिस्याङ गाउँपालिका–६ माथिल्लो मनाङमा हल्का हिमपातपछि खुलेको मौसममा देखिएको तिलिचो पिक र सेताम्मे हिउँले भरिएको पाखा। तस्वीरः रासस

# महिला हिंसाविरुद्ध सचेतनामूलक कार्यक्रम

प्रस, वीरगंज, २१ फागुन/

११३औं अन्तर्राष्ट्रिय नारी दिवस तथा आमा नेपाल फाउन्डेशनको वार्षिकोत्सवको अवसरमा आइतवार वीरगंजको शङ्कराचार्यद्वारनजीकै महिला हिंसा तथा चेलीबेटी बेचबिखनसम्बन्धी सचेतनामूलक कार्यक्रम गरिएको छ।

'लैङ्गिक समानताको बलियो आधार : सिर्जनात्मक प्रविधिमा महिला पहुँचको विस्तार' नाराका साथ सचेतनामूलक कार्यक्रम गरिएको हो।

कार्यक्रममा वीरगंज–१६ का अध्यक्ष परशुराम चौरसिया, नेपाल पत्रकार महासङ्घ, पर्साका उपाध्यक्ष युवराज खड्का, प्रहरी चौकी इनर्वाका प्रहरी निरीक्षक टेकबहादुर कार्की, नेपाल करौंते महासङ्घ, पर्साका अध्यक्ष सञ्जुकुमार साह, सोनुकुमार सिंहलगायतको सहभागिता रहेको फाउन्डेशनकी अध्यक्ष प्रमीता मानन्धरले बताइन्।




तस्वीरः सौजन्य

कार्यक्रममा फाउन्डेशनले मानव बेचबिखनविरुद्धको पर्चा वितरण गरेको थियो।

## वित्तीय क्षेत्रका समस्याबारे निजी क्षेत्रको ब्रिफिङ

# उच्चस्तरीय आयोग गठन गर्ने सरकारको आश्वासन

काठमाडौं, २१ फागुन/रासस

मुलुकको समग्र अर्थव्यवस्था समस्यामा पर्दै गएपछि त्यसको बहुआयामिक असर देखिन थालेको छ। सरकारी खर्च र राजस्व असुली लक्ष्यभन्दा निकै न्यून छ। मूल्यवृद्धिले वाञ्छित सीमा नाघेको छ। आर्थिक वृद्धिदर लक्ष्यभन्दा आधा मात्रै देखिन्छ। सरकारी सञ्चित कोष घाटामा छ। आन्तरिक मात्र होइन, अर्थतन्त्रको बाह्य क्षेत्र पनि उत्तिकै नाजुक अवस्थामा छ।

विदेशी मुद्रा सञ्चितिको अवस्था खस्किंदो छ। कोभिड–१९ महामारीपछि बिस्तारै कमजोर हुँदै गएको निजी क्षेत्र अझै सम्हालिन सकेको छैन। बैंक तथा वित्तीय संस्थामा तरलता अभाव र चर्को ब्याजदरको समस्या छ। पछिल्लो समय बैंक तथा वित्तीय संस्थाहरूको कर्जा असुलीमा पनि समस्या देखिन थालेको छ। त्यस्तै, तीन खम्बे अर्थनीतिको मुख्य खम्बाका रूपमा रहेको सहकारी क्षेत्र पनि धराशयी हुँदै गएको छ।

बैंक, वित्तीय संस्था र सहकारी क्षेत्रका समस्याले अहिले बजार तरङ्गित छ। कर्जाको साँवा–ब्याज तिर्न नसकिने भन्दै ऋणीहरू आन्दोलित छन्। वित्तीय क्षेत्रमा देखिएका यस्ता समस्याबारे आज प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, निजी क्षेत्र र बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूसँग छलफल गरेका छन्। प्रधानमन्त्री कार्यालयमा भएको छलफलपछि अहिले देखिएका समस्या समाधानका लागि उच्चस्तरीय आयोग गठन आश्वासन पनि सरकारले निजी क्षेत्रलाई दिएको छ।

प्रधानमन्त्री प्रचण्डले अहिलेका समस्याबारे सरकार जानकार रहेको र त्यसलाई समाधानका लागि प्रयत्नशील




रहेको बताए। "सरकार अर्थतन्त्रका चुनौती समाधान गर्न लागिपरेको छ। बैंक र लघुवित्तका क्षेत्रमा जनताका गुनासाप्रति म जानकार र सचेत छु। यसलाई के कसरी समाधान गर्न सकिन्छ भनेर सबै क्षेत्रबाट सरकारले सुझाव लिइरहेको छ। अहिलेको समस्या समाधानका निम्ति उच्चस्तरीय आयोग नै बनाउनुपर्ने पनि हुन सक्छ," उनले भने।

बैंक तथा वित्तीय क्षेत्रका समस्यालाई सरकारले गम्भीरतापूर्वक लिएको पनि उनको भनाइ छ। "बैंकको ब्याजदरलाई लिएर व्यवसायीका गुनासा देखिएका छन्। लघुवित्तका समस्याबारे विभिन्न ढङ्गले चासो र चिन्ता आइरहेका छन्। यही मौकामा अराजक तत्त्वले वित्तीय अराजकता निम्त्याउने कोशिश गरिरहेका छन्। यी सबै परिघटनालाई मैले गम्भीररूपमा लिएको छु," प्रधानमन्त्री प्रचण्डले भने।

प्रधानमन्त्रीसँगको आजको छलफलबारे प्रतिक्रिया दिँदै नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष शेखर गोल्छाले समग्र अर्थतन्त्रमा देखिएको समस्याको असर बैंक तथा वित्तीय संस्थाको कर्जा असुलीमा पनि देखिएको बताए। अहिले समग्र अर्थतन्त्र नै सङ्कटग्रस्त रहेकाले वास्तविक समस्यामा परेका ऋणीलाई कुनै नीतिगत प्रावधानमार्फत हेरिनुपर्ने उनको भनाइ छ।

"अर्थतन्त्रको अहिलेको अवस्थाका कारण ऋणीहरू कर्जा तिर्न नसक्ने अवस्थामा पुगेको हो भने त्यसलाई सम्बोधन गरिनुपर्छ। वास्तविक समस्यामा परेका ऋणीमाथि सहानुभूति राखिनुपर्छ र त्यस्ता समस्या राज्यको पहलबाटै सम्बोधन गरिनुपर्छ। तर जानाजान पैसा नतिर्नु भनेको अराजक नै भयो," उनले भने। अहिले बैंक तथा वित्तीय संस्थाको कर्जा असुलीविरुद्ध चलिरहेको अभियानमा निजी क्षेत्रको संलग्नता नरहेको पनि उनले स्पष्ट पारे।

पर्याप्त तरलता र सस्तो ब्याजदर भएका बेला बैंक तथा वित्तीय संस्थाले उद्योगी–व्यवसायीहरूको घरघरमैं गएर ऋण प्रवाह गरेको उल्लेख गर्दै अध्यक्ष गोल्छाले अहिले बैंकिङ क्षेत्रमा समस्या देखिएका बेला उद्योगी–व्यवसायीहरूमाथि पनि सहानुभूति राखिनुपर्ने बताए।

त्यस्तै, नेपाल उद्योग परिसङ्घका अध्यक्ष विष्णुकुमार अग्रवालले पनि अर्थतन्त्रमा देखिएका समस्याका कारण ऋणी र कर्जा असुलीमा समस्या देखिएका भए त्यसलाई सरकारले गम्भीररूपमा लिनुपर्ने बताए। "कर्जा लिइसकेपछि सावाँ र ब्याज नतिर्ने भन्नु गलत हो। त्यसलाई निरुत्साहित नै गर्नुपर्छ। तर अर्थतन्त्रको आधारका रूपमा रहेको बैंकिङ र वित्तीय क्षेत्रमा अरू विभिन्न कारणले पनि समस्या देखिएका छन् भने त्यसलाई गम्भीररूपमा हेरिनुपर्छ," उनले भने।

प्रधानमन्त्रीसँगको आजको छलफलका क्रममा तरलता अभाव, उच्च ब्याजदर, उत्पादन लागत बढेकोलगायतका समस्यालाई जतिसक्दो चाँडो निकास दिन सरकारसमक्ष आग्रह गरेको पनि अग्रवालले बताए। त्यस्तै, अर्थतन्त्रलाई सुदृढ बनाउन सरकारी र निजी दुवै क्षेत्रबाट लगानी बढाउन आवश्यक रहेको सुझाव सरकारलाई दिएको उनको भनाइ छ। पेट्रोलियम पदार्थको मूल्य घटाउन सके निर्माण लागत घट्नेबारे पनि प्रधानमन्त्रीलाई जानकारी गराएको अग्रवालले बताए।

छलफलपछि अहिले अर्थतन्त्रमा देखिएका समस्या समाधानका लागि सरकारले पहल गर्ने आश्वासन दिएको र निजी क्षेत्र आशावादी रहेको नेपाल चेम्बर अफ कसर्मका अध्यक्ष राजेन्द्र मल्लले बताए। "बैंकको औसत ब्याजदर अन्तर घटाउनुपर्ने, आधार दरमा लिने प्रिमियमलाई घटाउनुपर्नेलगायतका सुझाव निजी क्षेत्रले दिँदै आएको छ। अहिले समस्या देखिएका सहकारी र लघुवित्त क्षेत्रको नियमन र अनुगमन संयन्त्र बलियो बनाउनुपर्छ। सँगसँगै व्यवसाय गर्ने लागत घटाउनुपर्छ," उनले भने।

अर्थतन्त्रमा देखिएका समस्या समाधानका लागि सरकारले पहल गरिरहेको भएपनि त्यसको अनुभूति निजी क्षेत्रले गर्न नसकेको उनले बताए। "सरकारले केही काम गरिरहेको छ। तर त्यो अपुग छ। समस्या समाधान हुन्छ भनेर हामी सरकारप्रति आशावादी छौं। छिटो छरितो गर्नुपर्‍यो," मल्लले भने।

## जनता मावि डुमरियाको अध्यक्षमा कुशवाहा

प्रस, रौतहट, २१ फागुन/

ईशनाथ नगरपालिका–९ डुमरियास्थित जनता माविमा भएको अभिभावक भेलाले विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा बुनिलाल कुशवाहालाई सर्वसम्मत चयन गरेको छ।

समितिका सदस्यमा मुक्ति देवी, महम्मद अताउल्लाह, माधुरी देवी, लक्ष्मण साह, भिक्षु महतो, वडाध्यक्ष रामबाबू यादव र सदस्य सचिवमा प्रधानाध्यापक दीपककुमार मेहता छन्।

नगरप्रमुख कौशल्यादेवीको अध्यक्षतामा भएको भेलामा उपप्रमुख मो. परवेज



आलम, वडाध्यक्ष रामबाबू यादवलगायतको सहभागिता थियो।



**गाउँघरमा अझै गुइँठाः** पूर्वी मोरङ्गको रतुवामाई नगरपालिकास्थित एक आदिवासी बस्तीमा सुकाइएको गोबरका गुइँठा। गाईवस्तुको गोबरबाट तयार गरिने यस्ता गुइँठा आदिवासी समुदायले अझै पनि दाउराको विकल्पका रूपमा प्रयोग गर्दै आएका छन्। तस्बिरः रासस

## फरक समाचार

### लामखुट्टेको औषधि किन प्रभावकारी हुँदैन

गर्मीको मौसम आउनेबित्तिकै यतिबेला लामखुट्टेको प्रकोप बढ्न थालेको र यससँग सम्बन्धित रोग पनि फैलिन थालेको छ। बजारमा लामखुट्टेबाट बचाउने थुप्रै प्रकारका मस्क्युटो रेपेलेन्ट, लिक्विड, कोइल वा म्याटको रूपमा बिक्री भइरहेको र हामीले त्यसलाई घरमा पनि प्रयोग गरिरहेका छौं। तर पनि लामखुट्टे न मर्छ, न भाग्छ। यसको अर्थ हो लामखुट्टेविरुद्धको औषधि प्रभावकारी



हुँदैन।

अलग–अलग मस्क्युटो रेपेलेन्टले अलग–अलग ढङ्गले काम गर्छ। कुनैले लामखुट्टे भगाउँछ भने कुनैले मार्छ। सबैभन्दा बढी लिक्विड मस्क्युटो रेपेलेन्टको प्रयोग गरिन्छ। मस्क्युटो रेपेलेन्टमा एउटा मिश्रित लिक्विड हुन्छ जुन हलुका गर्म हुने बित्तिकै वाष्पमा परिणत हुन्छ। रिफिलभित्र तीन प्रकारको केमिकलको मिश्रण हुन्छ। १) इन्सेक्टिसाइड– यसले लामखुट्टेलाई भगाउँछ। २) स्टेबलाइजर/एन्टिअक्सिडेन्ट– यसले इन्सेक्टिसाइडलाई गर्मीको कारण अक्सिकृत हुनबाट रोक्छ। ३) परफ्युम– लिक्विडबाट दुर्गन्ध नफैलियोस् त्यसको लागि यसमा परफ्युम प्रयोग गरिन्छ।

ट्रान्सफ्लुथ्रिन यस मिश्रणको महत्त्वपूर्ण भाग हुन्छ। यसले लामखुट्टेको त्वचामा स्पर्श गरेपछि लामखुट्टेमा पक्षघातको काम गर्छ। पक्षाघात भएपछि लामखुट्टेको गति सुस्त हुन्छ र उसको नर्भस सिस्टम खराब हुन्छ। तर यो मिश्रण सबै प्रकारको लामखुट्टेको लागि विषाक्त हुँदैन। लामखुट्टेमा लगातार बदलाव आइरहेको छ र कैयौं लामखुट्टेले यस्ता मिश्रणविरुद्ध प्रतिरोधक क्षमता विकसित गर्छन्।

मस्क्युटो रेपेलेन्ट मुख्यरूपमा दुई प्रकारको हुन्छ। केमिकल रेपेलेन्ट्स– यो डिब वा डिट, पिकार्डियन वा इकार्डियन, आइआर ३५३५ जस्ता केमिकलबाट बनेको हुन्छ। यसमध्ये अधिकांश सीधै छालामा लगाउन सकिन्छ।

स्पेटियल रेपेलेन्ट्स– यो सीधा त्वचामा लगाइँदैन, बरु वाष्पिकृत भएर काम गर्छ। उदाहरणको लागि कोइल, रेपेलेन्ट् स्प्रे, वेपोराइजर्स र म्याट।

अचम्मको कुरा यति एडभान्स टेक्नोलोजीको बावजूद मस्क्यिुटो रेपेलेन्ट बेअसर भइरहेको छ। औषधिको जाँच गर्ने संस्थान श्रीराम टेस्टिङ लेबोरेटरी अनुसार यसको मुख्य तीन कारण हुन सक्छ।

पहिलो– हरेक वर्ष लामखुट्टेको अलग–अलग प्रजाति फैलिन्छ जस्तै–एडिज, एनोफैलिस, क्युलैक्स, कुलिसेटा, मानसोनिया, सोरोफोरो, टाक्सोरिनसिटिस, वेमिया आदि। एकै प्रकारको रेपेलेन्ट सबैमा प्रभावी हुन सक्दैन। दोस्रो– रेपलेन्टको बढी प्रयोगबाट लामखुट्टेमा प्रतिरोधक क्षमता विकसित हुन्छ। तेस्रो– उत्पादमा एक्टिभ इन्ग्रेडिएन्टको कम मात्रा। कैयौंपटक कम्पनीले खर्च बचाउनको लागि यी उत्पादनको मिश्रणमा बदलाव गर्छन्।

अल इन्डिया केमिस्ट फेडरेशनका कैलाश गुप्ताका अनुसार मस्क्युटो रेपेलेन्ट प्रभावी नहुनुको कारण प्रदूषण पनि हो। साथै एसी चलाउँदा पनि मस्क्यिुटो रेपेलेन्ट बढी प्रभावी हुँदैन। एसीले रेपेलेन्टको धूवाँ आफूतिर तान्छ।

### गर्मीमा चीसो महसूस गराउने जेल मेट्रेस

गर्मीको मौसममा घरलाई चीसो राख्न हामी थुप्रै उपाय गर्छौं। महँगो



एसीदेखि पङ्खा किन्ने गर्छौं, जसले गर्दा हाम्रो बिजुलीको बिल पनि बढ्छ। तर बजारमा एउटा सस्तो एसी आएको छ, जुन मध्यम वर्गका परिवारले किन्न सक्छन्। यसको नाम हो कुलिङ जेल मैट्रेस, जुन गर्मीको मौसममा निकै फाइदाजनक हुन्छ। यसको मूल्य भारु ७०० देखि २५०० सम्म पर्छ। कम्पनीको दाबी छ यस मैट्रेसलाई ओछ्याएर सुत्दा गर्मीको अनुभूति हुँदैन र तपाईंलाई कुनै एसी वा कूलरको आवश्यकता पर्दैन।

**कसरी प्रयोग गर्ने ?** जेल मैट्रेस टपरलाई आफ्नो फिटेड तन्नाको तल राख्नुपर्छ। जेलले शरीरको गर्मी सोस्छ र गर्मीलाई बाहिर निकाल्न मदत गर्छ। यसमा कुनै मेशिन प्रयोग गरिएको हुँदैन तसर्थ बिजुलीको आवश्यकता पर्दैन। यस मैट्रेसमा हुने कूलिङ जेलले शरीरमा चीसो पुर्‍याउँछ।

यसलाई जमीनमा नबिछ्याउन सल्लाह दिइएको छ। गर्मी मौसममा हामी जब ओछ्यानमा सुत्छौं तब हाम्रो शरीरबाट निस्किने गर्मीको कारण ओछ्यान तात्छ तर कूलिङ जेल भएको मैट्रेसले भने हाम्रो शरीरको तापलाई तानेर चीसो राख्न मदत गर्छ।

**शरीरका विभिन्न अङ्गलाई स्वस्थ राख्ने घरेलु औषधि**

मस्तिष्कः १) अश्वगन्धाः मस्तिष्कको कार्य प्रणालीलाई सुधार्छ।
२) ब्राह्मीः स्मरण र एकाग्रता बढाउँछ।
हृदयः १) बेसारः रक्तसञ्चारमा वृद्धि।
२) लसुनः खराब कोलेस्ट्रोललाई कम गर्छ।
फोक्सोः १) पुदिनाः रुघाखोकीमा औषधिको रूपमा काम गर्छ।
२) दालचिनीः कफबाट छुटकारा दिलाउँछ।
अमाशयः १) अदुवाः ग्यास र वाकवाकी कम गर्छ।
२) सौफः पेट जलनको उपचार गर्छ।
कलेजोः १) सिंहपणी– एकत्रित वसा चयापचय करी कलेजोको कार्यलाई उत्तेजित गर्छ।
२) सुकमेलः रक्तलाई डिटक्स गर्छ।

–प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## मलेशियामा बाढीका कारण हजारौं विस्थापित

क्वालालम्पुर, २१ फागुन/सिन्ह्वा

मलेशियामा बाढीका कारण शनिवारसम्म विभिन्न राज्यहरूमा ४० हजारभन्दा बढी मानिस विस्थापित भएका छन् । सबैभन्दा बढी जोहोर राज्यमा परेको सरकारी तथ्याङ्कले देखाएको छ।

जोहोरमा मात्रै ३७ हजारभन्दा बढी मानिसलाई बाढी राहत केन्द्रहरूमा सारिएको छ भने प्रायद्वीप मलेशियाको पहाङ, नेगेरी सेम्बिलन, मलाक्का राज्यहरूमा विस्थापितहरूको सङ्ख्या कम छ।




बुधवार बाढीको पानीले बगाएको विश्वास गरिएको कारभित्र एक व्यक्ति मृत फेला परेपछि जोहोरमा पहिलो बाढीको मृत्यु रेकर्ड गरिएको थियो । त्यस बेलादेखि जोहोरको सेगामाट जिल्लाका प्रभारी प्रहरी अधिकारी अहमद जामरी मारिनसाहले थप दुईजनाको मृत्युको पुष्टि गरेका छन्। वृद्ध पीडितहरू उनीहरूको घरमा मृत फेला परेका उनले बताएका छन् । रासस

## चीनको वार्षिक रक्षा बजेट ७.२ प्रतिशत

बेइजिङ, २१ फागुन/सिन्ह्वा

विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीनले चालू वर्षको रक्षा बजेट ७.२ प्रतिशत हुने बताएको छ। गत वर्ष रक्षा क्षेत्रको बजेट ७.१ प्रतिशत थियो । आज सार्वजनिक गरिएको मस्यौदा बजेट अनुसार यो वर्ष २२४.७९ बिलियन अमेरिकी डलर विनियोजन गरिएको छ।

चीनको राष्ट्रिय व्यवस्थापिकाको जारी बैठकमा बजेटको मस्यौदा प्रतिवेदन प्रस्तुत गरिएको छ। पश्चिमा मुलुकले चीनको सैन्य खर्चलाई विशेष चासोका साथ हेर्ने गरेका छन् । उनीहरूले रक्षा क्षेत्रमा चीनले अनपेक्षितरूपमा अधिक रकम विनियोजन गर्ने गरेको आरोप लगाउँदै आएका छन्।

जटिल सुरक्षा चुनौतीको सामना गर्न तथा आफ्नो प्रमुख जिम्मेवारी पूरा गर्न प्रस्तुत गरिएको बजेटलाई १४औं राष्ट्रिय जनकङ्ग्रेसका प्रवक्ता वाङ चाओले उचित र व्यावहारिक भनेका छन्। उनले रक्षा बजेट वृद्धि आवश्यक रहेको बताउँदै त्यो देशले अवलम्बन गरेको राष्ट्रिय प्रतिरक्षा नीति अनुकूल रहेको सञ्चारकर्मीहरूलाई प्रतिक्रिया दिएका छन् । "रक्षा खर्चमा जति नै लगानी गरियोस् वा आफ्नो सशस्त्र बललाई जतिसुकै आधुनिकीकरण गरे पनि चीनले कहिल्यै प्रभुत्व, विस्तार वा प्रभावको क्षेत्र खोज्नेछैन," उनले भने। चीनको रक्षा बजेट संयुक्त राज्य अमेरिकाको करीब एक चौथाइ हो।

यसैबीच, एएफपीका अनुसार हालैका वर्षमा चीन र अमेरिकाबीच व्यापार, मानव अधिकार र अन्य विषयलाई लिएर मतभेद बढ्दै गएका छन् । गत महीना मौसमी विवरण सङ्कलनका निम्ति प्रक्षेपण गरिएको चिनियाँ बेलुन वायुको वेग र बहावका कारण अमेरिकी आकाशमा पुगेपछि दुई देशबीचको सम्बन्ध अझ चिसिएको छ। अमेरिकाले आफ्नो जासुसी गर्न चीनले बेलुन छाडेको आरोप लगाउँदै त्यसलाई खसालेको थियो । चीनले अमेरिकी आरोपको खण्डन गर्दै आएको छ।

अमेरिकाले चीनको स्वशासित टापु ताइवानमा बेइजिङले आक्रमण गर्न सक्ने चेतावनी दिँदै आएको छ । ताइवानी क्षेत्रमा बढ्दो चिनियाँ सैन्य गतिविधिलाई लिएर अमेरिकाले त्यस्तो चेतावनी दिएको हो। चीनले आवश्यक परेमा ताइवानमा बल प्रयोग गरेर त्यसलाई आफ्नो नियन्त्रणमा राख्ने वाचा गरेको छ।

रक्षा विश्लेषकहरूले पनि ताइवानमा अमेरिकी प्रभाव नियन्त्रण गर्न तथा उसलाई त्यहाँबाट बाहिर पार्न रक्षा बजेट र क्षमतामा लगातार लगानी बढाइरहेको छ । उत्तरपूर्वी एशियामा हतियारको होडबाजी बढिरहेका बेला चीनले रक्षा खर्च बढाउनु स्वाभाविक भएको उनीहरूको विश्लेषण छ। क्षेत्रीय सुरक्षा परिदृश्यले पनि रक्षा खर्च बढाउनुपर्ने परिस्थिति सिर्जना भएको उनीहरू बताउँछन् । रासस

## छवटा हात्ती मार्ने तीनजना पक्राउ

दार-ए-सलाम, २१ फागुन/सिन्ह्वा

तान्जानियाको एक राष्ट्रिय निकुञ्जमा गएका १४ महीनामा छवटा हात्ती मरेका छन्। ती हात्ती मरेको नभएर मारिएको पाइएको छ र हात्ती मारेको आशङ्कामा तीनजनालाई पक्राउ पनि गरिएको छ। तान्जानियाको सो राष्ट्रिय निकुञ्जमा गएका १४ महीनाको अवधिमा छवटा हात्ती मारिएका र त्यसमा तस्करको हात रहेको अनुसन्धानबाट खुलेको थियो।

सो राष्ट्रिय निकुञ्जमा सन् २०२२ को जनवरीदेखि सन् २०२३ को फेब्रुअरीसम्म ती हात्ती मारिएका थिए। सो निकुञ्जका संरक्षण अधिकृतले उक्त कुराको जानकारी दिएका हुन्। उनले गएका १४ महीनाको अवधिमा हात्ती मारिएको घटनामा संलग्न भएको आशङ्कामा तीनजना तस्करलाई पक्राउ गरिएको पनि जानकारी दिए।

उनीहरूले प्रहरीले गत फेब्रुअरी २८ मा नियन्त्रणमा लिएको र अनुसन्धान थालेको जानकारी पनि उनले दिए । उता यहाँको प्रशासनले एकै निकुञ्जमा यतिधेरै हात्ती मार्न सक्ने गरी घटना हुनुको पछाडिको अनुसन्धानका लागि पनि टोली गठन गरेको जनाएको छ।

निकुञ्जका हात्ती तथा अन्य जनावरको सुरक्षा र संरक्षणका लागि यहाँको वन तथा वन्यजन्तुसम्बन्धी प्रशासनले आवश्यक नीति निर्माणका लागि सबैको ध्यानाकर्षण पनि गराएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष सुसमाचार | वृष उदरपीडा |
| मिथुन विजय | कर्कट धनलाभ |
| सिंह भाग्योदय | कन्या बेचैनी |
| तुला धनलाभ | वृश्चिक कर्मप्राप्ति |
| धनु प्रगति | मकर कष्टानुभुति |
| कुम्भ यात्रालाभ | मीन कडापरिश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

### वीरगंज महानगरपालिकाको अपील

- रङ्गहरूको पर्व होली मौलिक रूपमा रमाइलो गरी मनाऔं।
- जबरजस्ती लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने जस्ता कार्य नगरौं।
- फागु खेल्दा हानिकारक र रसायनयुक्त रङ्ग, सडेगलेका वस्तु, फोहरपानी, मोबिल, नालाको हिलो जस्ता वस्तुहरूको प्रयोग नगरौं।
- पर्वको नाममा मदिराजन्य पदार्थ तथा लागुपदार्थ जस्ता वस्तुको सेवन नगरौं। साथै डिजे, लाउडस्पीकर जस्ता मनोरञ्जनका साधनहरू चर्को आवाजमा बजाउँदा ध्वनी प्रदूषण तथा स्वास्थ्यमा नकारात्मक असर पार्ने भएकाले त्यस्ता कार्य नगरौं, नगराऔं।


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


## प्रि-होली कन्सर्टमा नेवारले नचाए, जोगिन्दरले हसाए

प्रस, निजगढ, २१ फागुन/

युथ अफ निजगढको आयोजनामा शनिवार सम्पन्न नवौं प्रि-होली कन्सर्टमा गायिका मिलन नेवारले निजगढका दर्शकहरूलाई नाच्न बाध्य पारिन् भने बोलाएर 'चरीले काफल टिप्यो खानलाई हो कि, खुवाउन' बोलको गीतले थप मनोरञ्जन गराएर दर्शकहरूलाई नाच्न र गाउन बाध्य पारेको थियो।


युथ अफ निजगढद्वारा आयोजित प्रि-होली कन्सर्टमा साङ्गीतिक कार्यक्रम प्रस्तुत गर्दै गायिका मिलन नेवार । तस्वीर: प्रतीक

कार्यक्रममा हाँस्यव्यङ्ग्य कलाकार जोगिन्दर पानवाला शिवशङ्कर रिजालले दर्शकहरूलाई खूबै हसाए।

कार्यक्रमको पहिलो प्रस्तुतिमा गायिका नेवारले 'तिमी टाढा छौं, भेट हुन गाऱ्हो छ ...' बोलको गीतले दर्शकहरूलाई शान्त, स्तब्ध पारेको थियो भने लगत्तै 'तिमी उता म यता साइँला, मन सन्चो कहाँ छ ...' बोलको गीतले विदेशिएका पतिको पीडा सम्झन दर्शकहरूलाई विवश पाऱ्यो । गायिका नेवारको साङ्गीतिक प्रस्तुतिले माहोललाई बिस्तारै तताउँदै 'फूल बुट्टे सारी सपक्क पारी'को गीति प्रस्तुतिमा दर्शकहरू कार्यक्रमस्थलमा धूलो उड्ने गरी नाचेका थिए।

निजगढ निवासी अमृता नेपालले चलचित्र 'काली'का लागि लेखेकी गीत 'बट स्लोली-स्लोली'ले पनि दर्शकलाई झुमाएको थियो । कार्यक्रमको अन्तमा गायिका मिलनले दर्शकलाई स्टेजनजीक बोलाएर 'चरीले काफल टिप्यो खानलाई हो कि, खुवाउन' बोलको गीतले थप मनोरञ्जन गराएर दर्शकहरूलाई नाच्न र गाउन बाध्य पारेको थियो। शविशङ्कर रिजाल (जोगिन्दर पानवाला)को प्रस्तुतिले दर्शकहरू पेट मिचीमिची हाँसेका थिए।

प्रथम निजगढ आइडल सन्तोष लम्सालले संस्थाका वरिष्ठ सल्लाहकार एवं पत्रकार जीतलाल श्रेष्ठको शब्द रचना र सङ्गीतमा तयार पारिएको 'आऊ प्रिय आऊ अलिअलि नजीक आऊ' बोलको गीत प्रस्तुत गरेका थिए।

कार्यक्रममा प्रमुख अतिथि मधेस प्रदेशसभाकी सदस्य मीना लामा, निजगढका प्रमुख सुरथ पुरी र उपप्रमुख सोममाया थिङले संयुक्तरूपमा कार्यक्रमको उद्घाटन गरेका थिए।

कार्यक्रममा प्रमुख अतिथि प्रदेशसभा सदस्य लामाले युथ अफ निजगढको सामाजिक कार्यप्रतिको लगावको प्रशंसा गरिन् । निजगढका प्रमुख पुरीले युथ अफ निजगढले कला, संस्कृतिलाई जर्गेना गर्दै स्थानीय कलाकारहरूको पहिचान बढाउँदै आएको बताए।

जिल्ला समन्वय समिति, बाराकी उपप्रमुख चण्डिका उप्रेतीले सामाजिक कार्यहरूमा युथ अफ निजगढको योगदानलाई बिर्सन नसक्ने र अन्य क्लब, सङ्घसंस्थाहरूले पनि सिको गर्नुपर्ने सुझाए । नगर उपप्रमुख थिङले संस्थाले गरीब, दीनदुःखी, असहाय, आगलागीपीडित, मुटु, मिर्गौलालगायतका बिरामीहरूलाई मानवीय सेवा पुऱ्याउँदै आएको बताइन् । उनले संस्थालाई सामाजिक, सांस्कृतिक कार्यलाई निरन्तरता दिन सुझाइन्।

कार्यक्रममा पूर्वउपप्रमुख लीलादेवी लामिछाने, प्रमुख प्रशासकीय अधिकृत राजमणि निरौला, नेपाली सेनाका पूर्वमहासेनानी सुशीलकुमार कार्की, निजगढ नगर उद्योग वाणिज्य सङ्घका अध्यक्ष दीपेन्द्र श्रेष्ठ, वडाध्यक्ष स्वर्ण लामालगायतको सहभागिता थियो।

संस्थाकी अध्यक्ष उषा थापा मोक्तानको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष कमल बजगाईं र सहजीकरण भाइकाजी श्रेष्ठ, मनीता पाण्डे, सन्तोष पौडेलले गरेका थिए।

## ब्याक गर्ने क्रममा बसको ठक्करबाट एकजनाको मृत्यु

प्रस, वीरगंज, २१ फागुन/

वीरगंजबाट विराटनगर जाँदै गरेको बस निजगढ नगरपालिका-८ बुधचोकमा ब्याक गर्ने क्रममा ठोक्किएर एकजनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ।

आइतवार मध्याह्न १२ बजे को.१ख ५७०० नम्बरको बसले ब्याक गर्ने क्रममा सोही ठाउँका ५० वर्षीय मजिद मियाँलाई ठक्कर दिई घिसारेर गम्भीर घाइते बनाएको थियो । घाइतेको सिटी अस्पतालमा उपचारपश्चात् थप उपचारको लागि हेल्थकेयर अस्पताल, वीरगंज ल्याउँदा बाटोमैं मृत्यु भएको प्रहरीले जनाएको छ।




प्रहरीले बसचालक सिराहा सुखीपुर नगरपालिका-८ बस्ने वर्ष ४२ का ललनकुमार दास र बसलाई नियन्त्रणमा लिएको छ।

### डम्फू र ...

मिथिला क्षेत्रमा नयाँ पुस्ताको आन्दोलनमा सहभागिता देखिए पनि संस्कृतिको जगेर्ना र संरक्षणमा भने खासै उत्साह नदेखिएको बुढापाकाको टिप्पणी हुने गरेको छ । आउने दिनमा मैथिल युवाले यहाँको मौलिक संस्कृति जगेर्नामा ध्यान दिन सके मिथिला संस्कृति र सभ्यताको पहिचान झन् चहकिलो हुँदै जाने शिक्षण पेशाबाट अवकाश लिएका महोत्तरीको भङ्गाहा-७ मेघनाथ गोरहन्नाका ६५ वर्षीय चन्द्रनारायण चौधरी (थारू) को नयाँ पुस्तालाई सुझाव छ।

मिथिलामा श्रीपञ्चमीसँगै जोगिरा शुरू हुने र मिथिला माध्यमिकी परिक्रमाको आठौं दिन महोत्तरीकै भङ्गाहा-९ कञ्चनवनमा राम सीताले अबीर खेलेको सम्झनामा यात्रीले रामजानकीलाई अबीर अर्पित गरी प्रसादस्वरूप एकअर्कालाई लगाइदिएपछि रङ्गअबीरको पर्व विधिवत् शुरू भएको मानिने परम्परा रहँदै आएको छ।

फागुन विशेषको जोगिरा मात्र नभएर दशैं पर्वको 'ढोल' बज्न र 'झिझिया' गीतको तान्त्रिक नृत्य पनि देखिन, सुन्न छाडिएको बुढापाकाको चिन्ता छ।

पछिल्ला केही दशकयता त मिथिलाका मौलिक संस्कृति भनिने जोगिरा र झिझियाजस्ता परम्परा कहिलेकाहीं एनजिओ/आइएनजिओ (गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था) का कार्यक्रममा प्रायोजितरूपमा देखिंदा झनै उदेक लाग्ने गरेको भङ्गाहा-३ का बासिन्दा पूर्वप्रशासक ८४ वर्षीय तेजनारायण सिंह थारू बताउँछन्।

"हेर्नुहोस् बाबू, व्यक्ति र व्यक्ति नाच्ने, रोमाञ्चित हुने र उत्सवमा रमाउने हाम्रा परम्परा अब नौला भएका छन्"-थारू भन्छन्-"अचेल औपचारिक कार्यक्रममा देखाइने प्रायोजित झिझिया, जोगिरा र डम्फूको प्रदर्शनले त हामी मैथिललाई जिस्क्याएजस्तो लाग्छ।"

यद्यपि यस्ता औपचारिक कार्यक्रममा देखाइने यी पारम्परिक सांस्कृतिक प्रदर्शनले नयाँ पुस्तालाई यी विषयमा सोच्न र तत्परता देखाउन भने सघाउने थारूको थप भनाइ छ।


Madhesh Province Government
Ministry Of Social Development
Social Development Unit
Birgunj, Parsa

**Bid Addendum Notice**

Notice Publication date: 6 March 2023

Electronic Bid submission date for the tender published on 6 February 2023, IFB No. SDU/NCB/WORKS/2079/80/04, Project Name: The Upgradation of Pokhariya Hospital as a Provincial Hospital with 50 beds is extended till Sunday, 12 March 2023, 12:00 Noon. For more details visit PPMO website **https://www.bolpatra.gov.np/egp/**



फागु पूर्णिमाको लागि विपी उद्यान क्षैत्र र गहवामाई मन्दिर क्षेत्रमा बेच्न राखिएका फगुवा टिसर्ट । तस्वीरः प्रतीक

# सारिएको तरकारी बजार पुनः यथास्थानमा लाग्दै

प्रस, वीरगंज, २१ फागुन/

वीरगंज महानगरपालिकाले घण्टाघरदेखि दक्षिणतर्फ रहेको नेपाल टेलिकमपछाडि लाग्ने खुद्रा तरकारी बजार गीता मन्दिरदेखि पूर्वतर्फ सारे पनि पुनः पुरानै स्थानमा बजार लाग्न शुरू भएको छ ।



गीता मन्दिरअगाडि महानगरले बनाएको नयाँ बजार । तस्वीरः प्रतीक

गीता मन्दिरदेखि पूर्वतर्फ खाली जग्गामा महानगरले खुद्रा तरकारी तथा फलफूल बजार सारेर मीनाबजारको गलीमा लाग्ने बजार हटाएको थियो । तर अहिले पुनः सोही ठाउँमा तरकारी तथा फलफूल बिक्री शुरू भएको छ । गीता मन्दिरअगाडिको नयाँ तरकारी तथा फलफूल बजारमा ग्राहकहरू नआएर बिक्री नभएको भन्दै पुनः पुरानो ठाउँमा सारिएको एकजना व्यवसायीले बताए ।

गाउँदेहातबाट आउने ग्राहकहरूको लागि गीता मन्दिरअगाडिको बजार अपायक रहेको र उनीहरू तरकारी तथा फलफूल खरीद गर्न पुरानै बजार आउने गरेको तथा महानगरले नयाँ बजार स्थापना गरेको ठाउँमा वन–वे भएकोले ग्राहकहरू आउन नसकेर बजार नचलेको व्यवसायीहरूले बताएका छन् ।

कतिपय खुद्रा तरकारी तथा फलफूल व्यापारीहरू बिपी उद्यान र मीनाबजारमा फर्केका छन् भने केही व्यापारी मात्र अहिले गीता मन्दिरनजीकको नयाँ बजारमा छन् ।



गहवामाई मन्दिरअगाडि निषेधित क्षेत्रमा लागेको फागुको खुद्रा बजार ।

महानगरले खुद्रा तरकारी तथा फलफूलको बिक्रीको थलो बनाएको गीता मन्दिरनजीकको नयाँ बजारमा बिपी उद्यानमा रहेको थोक तरकारी बजार पनि सार्ने र बिपी उद्यानलाई खुद्रा व्यापारबाट मुक्त गराउने नीति राखे पनि सो गर्नुअगावै अहिले खुद्रा तरकारी तथा फलफूल व्यवसायीहरू पुरानै ठाउँमा गएर व्यवसाय सञ्चालन गर्दा बिपी उद्यान पुरानै अवस्थामा फर्किएको छ । नयाँ बजारमा महानगरले बत्तीको व्यवस्था गर्नुका साथै माटो हालेर जग्गा सम्याएको छ ।

यसैबीच, वीरगंज महानगरले गहवामाई मन्दिरअगाडिबाट हटाएको खुद्रा बजार पनि फागु पूर्णिमाको अवसरमा पुनः शुरू भएको छ । महानगरले गहवामाई मन्दिरअगाडिको सडकखण्डमा व्यापार व्यवसाय गर्न निषेध गरेको थियो । नगर प्रहरी तथा प्रहरी परिचालन गरेर सो ठाउँबाट साइकलबाहेक आवतजावतमा रोक लगाएको महानगरले पछिल्लो समयमा वैवाहिक कार्यक्रमको लागि मन्दिर दर्शन गर्न छुट दिएको थियो । फागु पूर्णिमामा खुद्रा बजार पनि लागेको छ ।

### वीरगंज भन्सार ...

रोकिएकाले सवारीसाधनबाट राजस्व सङ्कलन हुन नसकेको उनले बताए ।

सवारीसाधनको मात्र जाँचपास भयो भने करीब चार अर्ब उठ्न सक्ने भन्सार व्यवसायीहरूको अनुमान छ । दुई हजारवटा गाडीमध्ये एक हजार २०० गाडी सिप्रदीको मात्रै भएको र सोको पार्किङ शुल्क १० करोड बक्यौता रहेको उनले बताए । यस्तो अवस्था रह्यो भने वीरगंज भन्सारको राजस्व सङ्कलन चालू आवको असार मसान्तसम्म ६० प्रतिशतको हाराहारीमा जान सक्ने प्रक्षेपण गरिएको छ ।







**शौचालयको प्रयोग गरौं, सङ्क्रमणबाट जोगिऔं**

- खुला स्थानमा दिसापिसाब नगरौं ।
- शौचालयमा मात्र दिसापिसाब गरौं ।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
- हत्केलापछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तीमा २० सेकेन्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

**जीवाणुलगायतको सङ्क्रमणबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


# खेलकूदको संसार

## आइसिसी लिग–२ : पपुवा न्यूगिनीद्वारा युएई पराजित

काठमाडौं, २१ फागुन/रासस

युनाइटेड अरब इमिरेट्स (युएई)मा जारी नेपाल, युएई र पपुवा न्यूगिनी सम्मिलित विश्वकप क्रिकेट लिग–२ शृङ्खला अन्तर्गत आइतवारको खेलमा पपुवा न्यूगिनी विजयी भएको छ ।



तस्वीरः सौजन्य

शृङ्खलाको आफ्नो अन्तिम खेलमा पपुवा न्यूगिनीले युएईलाई पाँच विकेटले पराजित गरेको हो । पपुवा न्यूगिनीसित युएई घरेलु मैदानमा लगातार दोस्रो खेलमा पराजित भएको हो । टस जितेर पपुवा न्यूगिनीले फिल्डिङ रोजेको थियो । निर्धारित ५० ओभरको खेलमा युएईले २६ दशमलव दुई ओभरमा आफ्ना सबै विकेट गुमाएर मात्र ९७ रन बनायो । यस्तै, ९८ रनको विजयी लक्ष्य पपुवा न्यूगिनीले २६ दशमलव पाँच ओभरमा पाँच विकेट गुमाएर पूरा गऱ्यो ।

पपुवा न्यूगिनीका लागि प्रारम्भिक ब्याटर टोनी उराले अविजित ३५, सेसे बाउले १८ र हिरीहिरीले १४ रन बनाए । बलिङतर्फ युएईका रोहन मुस्तफाले दुई विकेट लिए ।

यसअघि ब्याटिङ गर्ने क्रममा युएईका भृत्य अरविन्दले २६, मुहमद वसिमले १९, आशिफ खानले ११ तथा चुनदाङ्गापोयल रिजवानले १० रन बनाए । बलिङतर्फ पपुवा न्यूगिनीका रिले हेकुरेले पाँच, चाड सोपरले तीन तथा चार्ल्स अमिनीले एक विकेट लिए ।

युएईले हालसम्म खेलेका ३१ खेलबाट ३१ अङ्क जोडेको छ । युएई लिगको पाँचौं स्थानमा कायमै छ । नेपाल लिगको छैटौं स्थानमा छ ।

नेपालले ३१ खेलबाट ३० अङ्क जोडेको छ । पपुवा न्यूगिनीले ३२ खेलबाट मात्र नौ अङ्क जोडेको छ । पपुवा न्यूगिनी लिगको पुछारमा छ । शृङ्खलाको अन्तिम खेलमा सोमवार नेपाल र युएईबीच प्रतिस्पर्धा हुनेछ ।

## क्लबलाई खेलकूद सामग्री सहयोग

प्रस, वीरगंज, २१ फागुन/

जीतपुरसिमरा उपमहानगरपालिका–९ स्थित छातापिपरा युथ क्लबलाई वडा कार्यालयले खेल सामग्री वितरण गरेको छ ।



तस्वीरः सौजन्य

वडा कार्यालयको वार्षिक बजेटबाट क्लबलाई फूटबल र भलिबल खेलका लागि आवश्यक जर्सी, नेट, टिसर्ट, ट्र्याकसुट, बल, जुत्तालगायतका खेल सामग्री वितरण गरिएको थियो ।

वडाध्यक्ष मोतीलाल राउतले छातापिपरामा खेलकूदको विकासका लागि सदैव तयार रहेको बताए ।

कार्यक्रममा वडासदस्यहरू निपेन्द्र चौधरी, महेश्वर चौधरी, शोभादेवी सहनी, शिवदेवी लगायत स्थानीय विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूको सहभागिता थियो ।

# बालवाटिका स्कूलको १२औं अभिभावक दिवस सम्पन्न



तस्वीरः प्रतीक

प्रस, वीरगंज, २१ फागुन/

काठमाडौं, पेप्सिकोलास्थित बालवाटिका स्कूलले शनिवार १२औं अभिभावक दिवस मनाएको छ ।

कार्यक्रममा प्रमुख अतिथि कामपा–३२ का अध्यक्ष नवराज पराजुलीले नेपालमा निजी क्षेत्रका विद्यालयले विद्यार्थीको शैक्षिक गुणस्तरमा ठूलो योगदान पुऱ्याउन मदत गरेको बताए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं प्रतीक दैनिकका व्यवस्थापक/सम्पादक विकाश शर्माको अध्यक्षतामा भएको कार्यक्रममा कामपा शिक्षा विभागका विद्यालय निरीक्षकलगायत सिनामङ्गल समाजकी उपाध्यक्ष उर्मिला कँडेल, कार्यकारी सदस्य देवेन्द्र बर्तौला, लाइफ ओके टिभी, टिभी टुडेका सञ्चारकर्मी, अभिभावक, विद्यार्थीहरूको सहभागिता थियो । कार्यक्रममा कक्षा १ देखि ११ सम्मका बालबालिकाले योग, गीत, सङ्गीत, नृत्य, कराँते, नाटकलगायत कार्यक्रम प्रस्तुत गरेका थिए ।

## होली मिलन कार्यक्रम



तस्वीरः सौजन्य

प्रस, वीरगंज, २१ फागुन/

वीरगंज महानगर–१ गायत्री मन्दिरमा होली कार्यक्रम भएको छ । गायत्री परिवार वीरगंजद्वारा आयोजित कार्यक्रममा सांसद अजय चौरसियाले सभ्य तरीकाले होली खेल्न आग्रह गरे । उनले कसैको अनुमतिविना होली नखेल्न पनि आग्रह गरे । उनले होली खेल्दा हानिकारक केमिकल मिश्रित रङ, अबीरको प्रयोगबाट बच्नुपर्ने बताए ।

कार्यक्रममा नेका क्षेत्र नं २ का सभापति मोहम्मद सहाबुद्दीन, गायत्री परिवारका छोटेलाल शर्मा, जीतेन्द्र कुमार, शान्ति देवीलगायतको सहभागिता थियो ।